प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः २०७६/०७७

चलानी नं.

मितिः २०७७/०३/१९

## स्पष्टीकरण पेश गर्ने सम्बन्धी जनस्वास्थ्य निरिक्षक क.सं.नं. १८०८८२ का कर्मचारी श्री छविराज गिरीका नाउँको ७ दिने सूचना

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालयको मिति २०७६/०८/२७ को सचिवस्तरीय निर्णय बमोजिम पाल्पा अस्पताल तानसेनमा पदस्थापना हुनु भएका नेपाल स्वास्थ्य सेवा/हेल्थ ईन्सपेक्सन समुह/जनस्वास्थ्य निरिक्षक पद/अधिकृत छैटौं तहका क.सं.नं. १८०८८२ का कर्मचारी तपाई **छविराज गिरी** पाल्पा अस्पताल तानसेनको पत्र तथा दैनिक रुपमा सोही अस्पतालबाट प्राप्त हाजिरी विवरण अनुसार सम्वन्धित कार्यालयबाट बिदा स्वीकृत नगराई मिति २०७६/११/०२ देखि हालसम्म पनि अस्पतालमा उपस्थित नभएको र स्वास्थ्यकर्मीहरुलाई लकडाउनको समयमा समेत अनिवार्य उपस्थितिका लागि स्वास्थ्य मन्त्रालयबाट पटक पटक भएको निर्देशन समेतलाई बेवास्ता गरेको भन्ने व्यहोरा बुझिन आएकोले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४ बमोजिमको काम गरेकोमा तपाईलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४ बमोजिम भविष्यमा सरकारी सेवाका निम्ति अयोग्य नठहरिने गरी सेवाबाट हटाउनु नपर्ने वा वर्खास्त गर्नु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ७ सात दिन भित्र यस मन्त्रालयमा स्पष्टीकरण सहित उपस्थित हुनुहोला। अन्यथा, तपाईलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा अन्य प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा यस मन्त्रालयको मिति २०७७/०३/१८ को निर्णयानुसार अनुरोध छ।

२०७७/०३/१९

**शाखा अधिकृत**